"पाँचखाल नगर–कृषि सहर"
"Panchkhal Municipal Agriculture City"
# पाँचखाल नगरपालिका
# Panchkhal Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
पाँचखाल, काभ्रेपलाञ्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
(Bagamati Province, Nepal)

फोन नं.: ०११-४९९४१५
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

प. सं. :- ०८०/८१
च. नं. (Ref. No.) :-

## नगर प्रहरी सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना!

(प्रथम पटक प्रकाशन मिति :- २०८०/०६/१७)

पाँचखाल नगरपालिकाको प्रशासन शाखा अन्तर्गत रहने गरी देहायको पद, सङ्ख्या र योग्यता भएको **नगर प्रहरी कर्मचारी** करारमा राख्नुपर्ने भएकाले निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको **१५ (पन्ध्र) दिनभित्र** माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित कार्यालय समयमा दरखास्त पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।विज्ञापन सम्बन्धी विस्तृत विवरण कार्यालय वा वेभसाइटबाट उपलब्ध हुनेछ।

**देहाय :**

| विज्ञापन नं. | पद | सङ्ख्या | समूह | जम्मा | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| ०३-२०८०/८१ | नगर प्रहरी सहायक निरीक्षक | १ (एक) | खुला | १ (एक) | रु.५,०० (पाँच सय रुपैयाँ) |
| ०४-२०८०/८१ | नगर प्रहरी हवल्दार | १ (एक) | खुला | १ (एक) | रु.३,०० (तिन सय रुपैयाँ) |
| ०५-२०८०/८१ | नगर प्रहरी जवान | २ (दुई) | खुला | ३ (तिन) | रु.२,०० (दुई सय रुपैयाँ) |
| ०६-२०८०/८१ | नगर प्रहरी जवान | १ (एक) | महिला | | |

१. आवश्यक न्यूनतम योग्यता :

(क) नगर प्रहरी सहायक निरीक्षकको लागि : दरखास्त बुझाउने अन्तिम मितिमा **२३ वर्ष पुरा भई र ४५ वर्ष** ननाघेको, मान्यता प्राप्त शिक्षण संस्थाबाट **प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण** गरेको,

(ख) नगर प्रहरी हवल्दारका लागि : दरखास्त बुझाउने अन्तिम मितिमा **२१ वर्ष पुरा भएको र ४५ वर्ष** ननाघेको, मान्यता प्राप्त शैक्षिक संस्थाबाट **कम्तीमा एस.ई.ई.उत्तीर्ण** गरेको,

(ग) नगर प्रहरी जवानको लागि : दरखास्त बुझाउने अन्तिम मितिमा **कम्तीमा १८ वर्ष पुरा भएको र ४५ वर्ष ननाघेको, साधारण लेखपढ** गर्न सक्ने,

सबै पदका लागि : नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको, कुनै राजनीतिक पार्टीको सदस्य नरहेको, **पुरुषको लागि कम्तीमा ५ फिट २ इन्च र महिलाको लागि कम्तीमा ५ फिट उचाई भएको, छाती नफुलाउँदा कम्तीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको**, स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको । नेपाली नागरिकता प्राप्त गरेको,

२. दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरु : उम्मेद्वारको व्यक्तिगत विवरण, २ प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक प्रमाण पत्र (लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्र) को प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ। यसपूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा काम गरेका उम्मेदवारले सम्बन्धित निकायबाट सेवा गरेको अनुभवपत्र दरखास्तफाराम सँगै बुझाउनु पर्नेछ।

३.परीक्षाको किसिम :-शारीरिक परीक्षण, लिखित र अन्तर्वार्ता।

४. दरखास्त दस्तुर बुझाउने तरिका : पाँचखाल नगरपालिका राजस्व शाखामा तोकिएको राजस्व तिरी प्राप्त रसिद दरखास्त फारामसाथ पेस गर्नुपर्नेछ।

५.दरखास्त दिने स्थान :- पाँचखाल नगर कार्यपालिकाको कार्यालय, प्रशासन शाखा।

६.दरखास्त दिने अन्तिम मिति :- २०८०/०७/०१ (कार्यालय समयभित्र) सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको अर्को दिन।

७. सेवा सुविधा तथा अन्य : *पाँचखाल नगरपालिका नगर प्रहरी व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७९* बमोजिम हुनेछ।

८.तलब स्केल : नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

९.पाँचखाल नगरपालिकाको **स्थानीय उम्मेदवार र सुरक्षा निकायमा कार्य गरेका अनुभवीलाई** पहिलो प्राथमिकता दिइनेछ।

............................
(सूर्य प्रसाद गौतम)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

ईमेल:Email: panchkhal.municipality@gmail.com | info@panchkhalmun.gov.np | वेवसाईट/Website:http//panchkhalmun.gov.np